# फालेलुङ गाउँपालिका पर्यटन प्रवर्द्धन सिफारिस कार्यदल
# अध्ययन तथा सुझाव  प्रतिवेदन, २०७९

फालेलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थकेपुङ, पाँचथर

विषयसुचि

**१.१** पृष्ठभुमि ........ २
१.३ फालेलुङ गाउँपालिका पर्यटन प्रवर्द्धन सिफारिस कार्यदलको कार्यक्षेत्र: ........ ४
१.४ अध्ययनको विधि: ........ ४
१.५ अध्ययनको सिमा: ........ ४
२.१ विद्यमान व्यवस्थाहरु: ........ ५
२.२ फालेलुङ गाउँपालिकाको पर्यटन प्रवर्द्धन सम्बन्धि वर्तमान अवस्था ........ ७
२.३ पर्यटनको विकासका लागी फालेलुङमा हालसम्म भएका प्रयासहरु: ........ १०
३.१ कार्यदलले स्थलगत अनुगमनका क्रममा प्राप्त समस्या, समाधानका उपाय र सुझावहरु ........ ११
४.१ फालेलुङमा पर्यटनको सम्भानवाहरु: ........ १२
४.२ फालेलुङ गाउँपालिकाको पर्यटन क्षेत्रको विकासमा चाल्नुपर्ने कदमहरु: ........ १४
५.१ सुझाव कार्यान्वयनका तरिकाहरु: ........ १८
६.१ पर्यटकीय स्थलहरुको सामान्य जानकारी: ........ २१
७.१ निष्कर्ष: ........ २५

## परिच्छेद-१
## परिचय

### १.१ पृष्ठभुमि

नेपालको प्रदेश नं. १ जिल्ला पाँचथरको पनि सुदूरपूर्वी भागमा फालेलुङ गाउँपालिका अवस्थित छ। फालेलुङ गाउँपालिकाको पूर्वमा भारतको सिक्किम र पश्चिम बंगाल, उत्तरमा याङवरक गाउँपालिका, पश्चिममा हिलिहाङ गाउँपालिका र दक्षिणमा फिदिम नगरपालिका तथा इलामको सन्दकपुर गाउँपालिका पर्दछन्।

कुल २०७.१४ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको यस गाउँपालिका ८ वटा वडाहरुमा विभक्त छ। कुल ४९१५ घरपरिवार भएको यस गाउँपालिकामा १०,२४२ महिलार १०,११९ पुरुषगरी २०,३६१ जना मानिसहरुको बसोबास रहेको छ। ५,५६५ हेक्टर वन क्षेत्र भएको यस गाउँपालिकामा २०,३२० हेक्टर खेतीयोग्य जमिन रहेको छ।

नेपाल-भारत सीमाक्षेत्रमा पर्ने तीनसिमाना (फालेलुङ), चारराते प्रचुर सम्भावनाले युक्त सुप्रसिद्ध पर्यटकीय गन्तव्यहरु हुन्। वर्षको ४ महिना हिउँले ढाक्ने यी क्षेत्रमा २८ प्रजातिका गुराँसहरु तथा दर्जन बढी प्रजातिका अमूल्य जडिबुटीहरु पाइन्छन्।

हेवाखोला, खेवाथामखोला, नवमीखोला, मुवाखोला आदि यहाँका प्रमुख नदीहरु हुन्। पानावाझरना, मुवाझरना, खेउथाम (तीनछाँगे) झरना आदि यहाँका मनमोहक झरनाहरु हुन्। सुकेपोखरी, लामपोखरी, भैंसेपोखरी, जलजलेपोखरी, हेवागंगा यस गाउँपालिकाका आकर्षक तालतलैयाहरु हुन भने शिवगंगा, आगेजुङगुम्बा, पाथीभरा, महादेवस्थान, नरेलुङधाम, हेवाकोठी, बुढीथाम, पुस्तकेढुंगा, गुप्तेश्वर महादेव, फक्ताङ्लुङ माङहिम, काली ओडार, पँगे लुङ, किक्नामधाप, भीमसेन स्तम्भ, महादेवस्थान (मच्छेवुङ), पाराम-माराम फुक्कु आदि यहाँका पवित्र धार्मिक स्थलहरु हुन्।

पशुपालन, खेतीपाती र पर्यटन व्यवसाय नै यहाँका मानिसहरुका मूख्य पेशाहरु हुन्। यस गाउँपालिकामा लिम्बू, राई, क्षेत्रीय, ब्राह्मण, मगर, तामाङ, कामि, दमाई, भुजेल, शेर्पा, गुरुङ आदि विविध जातजातिको साझा बसोबास रहेको पाइन्छ। यहाँको ‘प्रकृति’ र ‘संस्कृति’ मा ‘प्रविधि’ समेत जोड्न सकेमा निकट भविष्यमै फालेलुङ गाउँपालिकाको उज्यालो भविष्यको सहज परिकल्पना गर्न सकिन्छ।

शताब्दि औं पहिले देखि नेपालमा पर्यटकीय कार्य आरम्भ भए सँगै फालेलुङ गाउँपालिकामा पनि पर्यटनको सुरुवात भएको पाइन्छ। पाँचथरको याङवरक र ताप्लेजुङका विभिन्न स्थानहरुका मानिसहरुको अति आवश्यकीय वस्तुहरुको ढुवानीका लागी भारतको दार्जिलिङ, रिम्विक, दोकानडाँडा, विजनवारी, सिक्किमको सोमबारे तथा नेपालको इलाम जाने क्रममा भरियाहरुको आवत जावत सँगै फालेलुङको पर्यटन सुरुवात भएको पाइन्छ। त्यस्तै गरी मार्ग चतुर्दशीमा महादेव स्थानमा मेला लाग्ने गरेको बालाचतुर्दशिमा

शतविज छर्न श्रद्धालु भक्तजनको उपस्थिति सँगै फालेलुङमा पर्यटनको सुरुवात भएको इतिहास पाइन्छ। भारतमा व्रिटिस सरकारको उपनिवेश कायम रहेको समयमा ईष्ट ईण्डिया कम्पनिका सरकारी अधिकारीहरुले पारिवारिक मनोरञ्जनकालागी हिमशृङ्खलाहरुको दृश्यावलोकन गर्न फालेलुङको माथिल्ले क्षेत्रमा आउने क्रमसँगै पालेलुङमा पर्यटनको सुरुवात भएको पाईन्छ।

१.२ फालेलुङ गाउँपालिका पर्यटन प्रवर्द्धन सिफारिस कार्यदलको गठन:

फालेलुङ गाउँपालिका पाँचथरको समग्र पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्दन सम्बन्धी स्थलगत अध्ययन, अवलोकन, छलफल, परामर्श गरी स्थलगत रुपमा खटिई पहिचान गरी सोको प्रतिफल स्वरुप गाउँपालिकाको प्रतिष्ठा आर्जन, प्राकृतिक स्रोतको संरक्षण, जैविक विविधताको संरक्षण, राजश्व संकलन र स्थानीय जनताहरुको आर्थीक उपार्जनका क्रियाकलापबाट जनजिविकामा गुणस्तरीयता वृद्धि गर्नको लागी वि.सं. २०७९ साल पौष मसान्त भित्र सिफारिस गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ बमोजिम गाउँ कार्यपालिकाको २०७९/०८/१४ गतेको बैठकको निर्णय अनुसार देहाय बमोजिम **"फालेलुङ गाउँपालिका पर्यटन प्रवर्द्धन सिफारिस कार्यदल"** गठन गरी जिम्मेवारी प्रदान गरिएको थियो।

**फालेलुङ गाउँपालिका पर्यटन प्रवर्द्धन सिफारिस कार्यदल**

- संयोजक: अध्यक्ष श्री विर विक्रम थाम्सुहाङ
- सदस्य: उपाध्यक्ष श्री महेन्द्रहाङ जवेगु "फुङनिमा"
- सदस्य: ४ नं. वडा अध्यक्ष श्री सन्त वीर राई
- सदस्य: अधिकृत स्तरछैटौँ श्री रणजित आङ्बुहाङ लिम्बु
- सदस्य: पर्यटन व्यवसायी श्री डिल्ली प्रसाद केरुङ "आन्जुम"
- सदस्य: विषय विज्ञ श्री चन्द्र नेपाल
- सदस्य-सचिव आन्तरिक लेखापरीक्षक श्री भरत रिजाल

**आमन्त्रित**

- प्रमुख प्रशासकीय अधिकृत श्री डम्बर बहादुर आङ्देम्बे
- ५ नं. वडा अध्यक्ष श्री भरत कुमार खपाङ्गी मगर
- पर्यटन व्यवसायी श्री शिल्प कुमार राई
- पत्रकार  श्री सुवास राई
- ईन्जिनियर श्री निरज कुमार चौधरी

१.३ फालेलुङ गाउँपालिका पर्यटन प्रवर्द्धन सिफारिस कार्यदलको कार्यक्षेत्र:

फालेलुङ गाउँपालिका, पाँचथरको समग्र पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्दन सम्बन्धी स्थलगत अध्ययन, अवलोकन, छलफल, परामर्श गरी स्थलगत रुपमा खटिई पहिचान गरी सोको प्रतिफल स्वरुप गाउँपालिकाको प्रतिष्ठा आर्जन, प्राकृतिक स्रोतको संरक्षण, जैविक विविधताको संरक्षण, राजश्व संकलन र स्थानीय जनताहरुको आर्थिक उपार्जनका क्रियाकलापबाट जनजिविकामा गुणस्तरीयता वृद्धि गर्नको चाल्नुपर्ने कदमहरुको समेत पहिचान गरी पेश गर्ने।

१.४ अध्ययनको विधि:

फालेलुङ गाउँपालिका पाँचथरको समग्र पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्दन सम्बन्धी स्थलगत अध्ययन, अवलोकन, छलफल, परामर्श गरी स्थलगत रुपमा खटिई पहिचान गरी सोको प्रतिफल स्वरुप गाउँपालिकाको प्रतिष्ठा आर्जन, प्राकृतिक स्रोतको संरक्षण, जैविक विविधताको संरक्षण, राजश्व संकलन र स्थानीय जनताहरुको आर्थीक उपार्जनका क्रियाकलापबाट जनजिविकामा गुणस्तरीयता वृद्धि गर्न निम्न विधिहरु अपनाई सुचना संकलन र प्रतिवेदन तयार पारिएको छ।

**निम्नः**

- पर्यटकीय क्षेत्रहरुको स्थलगत अवलोकन
- पर्यटन सम्बद्ध संस्थाहरुको सुझाव संकलन सम्बन्ध
- छलफल तथा अन्तरक्रिया

१.५ अध्ययनको सिमा:

- अध्ययन तथा सुझाव समितिको स्थलगत अवलोकन बाहेकका कार्य सबै सदस्यहरुको कार्यालयको नियमित कामलाई असर नगरी विहान-साँझको समयमा काम गरेको हुँदा उपलब्ध समयको अधिकतम सदुपयोग गर्ने प्रयास गरिएको छ।
- कार्यदलका पदाधिकारी र अन्य सम्बन्धित सरोकारवाला पक्षसँग पटक पटक छलफल बहस तथा अन्तक्रिया गरिएको छ।
- विभिन्न उद्धेश्यका साथ फालेलुङ गाउँपालिकामा औषत रुपमा आउने पर्यटकको विवरण संकलन गरि विश्लेषण गरिएको छ।
- कार्यदलले प्रतिवेदन तयारीका क्रममा राष्ट्रिय अन्तराष्ट्रिय विज्ञहरुसँग भन्दा यस क्षेत्रसँग सम्बद्ध सरकारी, गैरसरकारी तथा स्थानीय व्यवसायी र सरोकारवाला सँग परामर्श गरेको छ।

➢ फालेलुङ गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रको विकास सँग सम्बन्धित नीति तथा मापदण्ड निर्माणका क्रममा सरोकारवाला व्यक्ति तथा निकायसँग व्यापक अध्ययन र छलफल हुने हँदा प्राप्त सुझावलाई नै विश्लेषण गरी प्रतिवेदन तयारी गरिएको छ।

## परिच्छेद-२

## नेपालको पर्यटन प्रवर्द्दन सम्बन्धि विद्यमान व्यवस्था तथा फालेलुङ गाउँपालिकाको पर्यटन प्रवर्द्दन सम्बन्धि वर्तमान अवस्था

२.१ विद्यमान व्यवस्थाहरु:

नेपालको पर्यटन क्षेत्रलाई सुरक्षित, समाबेशी, विश्वसनीय, व्यवसायीक, व्यवस्थित तथा विश्वको आकर्षक गन्तव्य बनाउने उद्देश्य स्वरुप यस क्षेत्रको पृष्ठभुमि र नेतृत्वदायी भुमिका निर्वाह गरेको क्षेत्र सम्बद्ध विद्यमान व्यवस्थाहरु निम्न बमोजिम रहेका छन्।

### २.१.१ संवैधानिक व्यवस्थाहरु:

नेपालको संविधानको धारा ५१ को खण्ड (ठ) मा पर्यटन सम्बन्धि नीतिको व्यवस्था गरिएको छ। जसमा पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रको महत्वपुर्ण आधारको रुपमा पर्यावरण अनुकुल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने नीति रहेन उल्लेख छ। अनुसूची-५ मा पर्यटन नीतिलाई संघको एकल अधिकार, अनुसुची-८ मा स्थानीय तहको एकल अधिकार र अनुसुची-९ साझा अधिकार सुचिमा समेत राखिएको छ।

### २.१.२ नीतिगत तथा कानुनी व्यवस्था

**क. पर्यटन ऐन, २०३५**

यसमा पर्वतारोहणलाई नेपाली हिमशृङ्खलाको कुनै निश्चित चूलिमा पुग्ने उद्देश्य लिई कुनै दलले त्यो चूलीको आरोहण गर्ने कर्तव्य भनि  परिभाषित गरको छ। साथै पर्वातारोहणका लागि नेपाल सरकारले हिमालचुली खुला गर्न सक्ने, हिमालको आहणको अनुमति नलिई कुनै हिमालचुली आरोहण गर्न नपाइने, पर्वतारोहणमा जाँदा सलामी रकम तिर्नुपर्ने, पर्वातारोही दलका साथ सम्पर्क अधिकृत खटिने र निजको सेवा सुविधा पर्वतारोही दलले उपलब्ध गराउनु पर्ने, पर्वतारोही दलका साथ जाने सरदार, पर्वतीय पथ प्रदर्शक, उचाईमा जाने कामदार, आधार शिविरका कामदार नेपाली नागरिक हुनुपर्ने, पर्वातारोही दलले पर्वारोहणमा

संलग्न हुने सबैको स्वास्थ्य परीक्षण गर्नुपर्ने र उचित स्वास्थ्य अवस्था नभएमा साथमा लैजान नहुने, व्यक्तिगत दुर्घटना बिमा गराउनु पर्ने आफतकालिन उद्धार कार्य गर्ने/गराउने, वातावरण सफा राख्नुपर्ने, पर्वतारोहण सम्बन्धि समाचार नेपाल सरकारलाई जानकारी नगराई अन्यन्त्र प्रकाशित गर्न नहुने लगायत पर्वातरोहण सम्बन्धी विविध व्यवस्थाहरु गरको पाइन्छ।

**ख. नेपाल पर्यटन बोर्ड ऐन, २०५३**

यसमा बोर्डको स्थापना नेपाललाई सुरक्षित, भरपर्दो तथा आकर्षक पर्यटन स्थलकोरुपमा विकसित गरी अन्तराष्ट्रिय पर्यटन समुदायमा नेपालको छविलाई उच्च एवम् मर्यादित ढंगबाट स्थापित गर्ने साथै पर्यटन व्यवसायको विकास, विस्तार र यस क्षेत्रमा देखा परेका समस्याहरुको निराकरणका उपायहरु पत्ता लगाउन कार्यमूलक अनुसन्धान गर्ने उद्देश्य रहेको पाइन्छ।

**ग. स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रदेश सरकारले कुनै क्षेत्रलाई पर्यटकीय क्षेत्र घोषणा गर्न सक्ने, पर्यटकीय शुल्क दस्तुरनिर्धारण र संकलन गर्न सक्ने व्यवस्था रहेको छ भने गाउँपालिका तथा नगरपालिकाले उद्यान पार्क चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, सङ्ग्राहालय जस्ता सम्पदा उपयोगको प्रवेश शुल्क निर्धारण र संकलन गर्न सक्ने व्यवस्था रहको छ।

**घ. पर्यटन नीति, २०६५**

यस नीतिले नेपलालाई आकर्षक र सुरक्षित पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने दीर्घकालीन दृष्टिकोण लिएको छ। नेपालका विभिन्न हिमाल आरोहण गरी ख्याति कमाएका विदेशी आरोहीहरुलाई नेपालका साथीका रुपमा मान्यता प्रादान गरी पर्यटन प्रवर्द्धनमा उपयोग गर्ने साथै पर्वतारोहणलाई बढी व्यवस्थित र वातावरणमैत्री तुल्याई नेपाललाई पर्वतारोहणका क्षेत्रमा एउटा उत्कृष्ट गन्तव्य स्थलको रुपमा विकास गर्ने नीति लिएको छ। पर्वतारोहणका लागी सम्भाव्य तर पहुँच नपुगेका क्षेत्रमा केही समय शुल्क मिनाहा दिइने, आरोहणका लागी हिमचुलीहरु क्रमश: खुला गर्दै जाने साथै पर्यटकीय सुरक्षा र संकट व्यवस्थापनका लागी खोज, उद्धारका कार्य गरिने व्यवस्था गरेको छ। यस नीतिमा पर्यटकको नेपाल बसाईको अवधी सुखमय बनाउन विश्वव्यापि मान्यता प्राप्य आचार संहिताको प्रयोग र पालना गराउने व्यवस्था रहेको देखिन्छ।

**ङ. पन्ध्रौँ योजना (आ.व २०७६/०७७-२०८०/०८१)**

नेपाललाई सुरक्षित गन्तव्य बनाउने सोच सथै नेपाललाई सुरक्षित, गुणस्तरीय र पर्यटनमैत्री बानाई आकर्षक पर्यटन केन्द्रको रुपमा विकास गर्ने उद्देश्य पन्ध्रौँ योजनाको आधारपत्रमा रहेको छ। यस योजनाको आधारपत्रमा पर्वतारोहणको विकासका लागी निजी क्षेत्रसँग सहकार्य गरिने फोहोरमैला व्यवस्थापन गर्न मापदण्ड बनाएर नियमन गरिने, विपद व्यवस्थापनका लागि पूर्वानुमान सुदृढिकरण गर्ने व्यवस्था गरेको देखिन्छ।

**च. पर्यटन दुरदृष्टि, २०२०**

सन् २०२० सम्ममा नेपालको पर्यटनलाई थप स्तरीय बनाई अर्थतन्त्रमा पर्यटनको भूमिका बृद्धि गर्ने ध्येयका साथ पर्यटन दूरदृष्टि, २०२० तयार पारिएको देखिन्छ।

**छ. पर्यटन विकास ऐन,२०७६ (प्रदेश नं. १)**

प्रदेश भित्रका पर्यटन क्षेत्र एवं पर्यटकीय महत्वका विषयको व्यवस्थापन एवं प्रवर्द्धन गरी यस प्रदेशलाई पर्यटकीय महत्वका क्षेत्रको रुपमा विकास गर्न र जनताको आर्थीक हितलाई मध्यनहर गर्दै आवश्यक कानुनी व्यवस्थापन गरेको देखिन्छ।

२.२ फालेलुङ गाउँपालिकाको पर्यटन प्रवर्द्धन सम्बन्धि वर्तमान अवस्था

फालेलुङको पर्यटकीय क्षेत्रलाई सर्वप्रथम विश्व स्तरमा चिनाउने तथा पछिल्लो समयमा समेत समग्र पर्यटन क्षेत्रको नै आकर्षक तथा प्रमुख भूमिकामा रहेको पर्वतीय पर्यटनको नियमन व्यवस्थापन तथा समयानुकुल सुधार गर्न नसक्दा यस क्षेत्रमा अनेक समस्याहरु देखा परेका छन्। यस क्षेत्रमा देखिएका कमजोरी, सबलता अवसर साथै चुनौतिलाई निम्नबमोजिम उल्लेख गरिएको छ।

**कमजोर पक्ष:**

- पर्यटन सम्बन्धि  नीति निर्माण नभएको,
- पर्यटन सम्बन्धि दिर्घकालिन योजना र गुरूयोजना नबन्नु,
- सिमा पर्यटनको उचित योजना बन्न नसक्नु,
- पर्यटक लक्षित विभिन्न क्रियाकलापहरु सञ्चालन हुन नसकेको,
- पर्यटकीय क्षेत्रहरुमा घरवास तथा होटलहरुको स्थापना र विकास हुन नसकेको,
- पर्यटकका लागी दोभाषे पथप्रदर्शकको प्रवन्ध हुन नसकेको,
- फालेलुङको माथिल्लो क्षेत्र भारतको पश्चिमबङ्गाल र सिक्किमको सिमावर्ती क्षेत्रसम्म पुग्ने सडक स्तरोन्नती हुन नसकेको,
- प्राकृतिक रमणीय क्षेत्रहरुको उचित प्रचार प्रशार र व्यवस्थापन हुन नसकेको,
- चौरी गोठ तथा चौरीको संख्या अधिक हुनाले सिमा क्षेत्रमा वनविनाश उच्च रहेको,
- बहुमुल्य काठ, जडिबुटी तथा वनपैदावारको अवैध चोरी निकासी नियन्त्रण गर्न नसकिएको,
- पर्यटन बिकाससम्बन्धि तालिम, गोष्ठि सेमिनारहरु सञ्चालन हुन नसक्नु,

- पर्यटनको लागि महत्वपुर्ण स्थानहरू नेपाल र भारतको सिमानामा रहेकोले स्थानिय तहको पर्यटन बिकासमा पहुच नहुनु ,
- पर्यटकिय क्षेत्रमा सरकारी जग्गा जमिन भएकोले निजि क्षेत्रलाई लगानिमा आकर्षित गर्न नसकिएको,
- निजि क्षेत्रको पर्याप्त परिचालन नहुनु,

**चुनौतीहरुः**

- फलदायक पर्यटकिय दिर्घकालिन गुरुयोजना निर्माण गर्नु,
- पर्यटकिय सम्भावना बोकेका क्षेत्रहरु पहिचान गर्नु,
- पर्यटकिय बिकासमा निजि क्षेत्रलाई लगानिको वातावरण सिर्जना गर्नु,
- सिमा क्षेत्रमा पर्यटकको बाक्लो उपस्थिती रहेकोले अन्तराष्ट्रियस्तरमा पर्यटन विकास गर्नु,
- समयसापेक्ष प्रविधिमैत्री प्रचार प्रसार गर्नु,
- सिमा क्षेत्रमा पर्यटनको पुर्वाधार बिकास गर्नु,
- सिमित स्रोत साधनको उच्चतम उपयोग गर्नु,
- संघ, प्रदेश र स्थानीय तहबाट समन्वयात्मक पर्यटन बिकास गर्नु,
- बन बिनास र प्राकृतिक दोहन अन्त्य गर्नु,
- अन्तराष्ट्रिय पर्यटकलाई करको दायरामा ल्याउनु,
- सीमा क्षेत्रमा एकपक्षिय तथा दुई पक्षीय पर्यटन पुर्वाधार विकास गर्नु,
- अन्तराष्ट्रिय जगतमा परेको नकरात्मक प्रभावको निराकरण गर्नु,
- प्राचिन सम्पदाहरुको अतिक्रमण रोक्नु,
- पर्यटकीय सूचनाको व्यवस्थापन प्रणाली तयारी गरी लागु गर्नु,
- नियमित सुरक्षित र भरपर्दो यातायात सेवा सुनिश्चित गर्नु,
- पर्यटन क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण गर्नु,
- पूर्वाधार विकासमा लगानी बृद्धि गर्नु,
- पर्यटकीय सेवा तथा गन्तव्यको विविधिकरण गर्नु,
- सेवा सुविधामा गुणात्मक बृद्धि गर्नु,
- प्रतिष्पर्धात्मक क्षमता अभिबृद्धि गर्नु,
- पर्यटकको वसाईसंगै खर्चमा बृद्धि गर्नु,

- सूचना प्रविधिको प्रयोग बढाउनु,
- मौलिक कला संस्कृतिको संरक्षण र विकास गर्नु,
- पर्यटकीय शिक्षा र चेतना अभिबृद्धि गर्नु,
- व्यवसायिक, दक्ष जनशक्ति विकास गर्नु,
- पर्यटन क्षेत्रको राष्ट्रिय अर्थतन्त्रमा योगदानको यकीन गर्नु,
- सम्भावना र अवसरलाई आय आर्जनमा रुपान्तरण गर्नु,
- शान्ति सुरक्षालाई व्यवस्थित गर्नु
- विश्वव्यवापिकरणको नकरात्मक असर न्युनिकरण गर्नु,

**फालेलुङ गाउँपालिकामा पर्यटनको अवसरहरुः**

- एकै स्थानबाट हिमाल, पहाड, तराई, नेपाल र भारतको समेत अवलोकन गर्न सकिने,
- पर्यटकीय क्षेत्रमा पूर्वाधार विकास बढ्दै जानु,
- छिमेकी मूलुक चीन तथा भारतबाट ठूलो संख्यामा पर्यटक आउन सक्ने सम्भावना रहनु,
- पर्यटन क्षेत्रमा निजी लगानीमा बृद्धि हुनु,
- होम स्टे, गोठ स्टे, होटल र स्तरीय होटल सञ्चालनको प्रवल सम्भावना,
- साइक्लिङ्, ट्रेकिङ्, क्याम्पिङ्ग र पर्यावरणिय पर्यटन,
- पार्क निर्माण र झरना व्यबस्थापन गर्न सकिने,
- आर्थिक बृद्धि र आर्थिक बिकास,
- रोजगारीको बृद्धि,
- चौरी र चौरीजन्य उत्पादनलाई प्रवर्द्धन गर्न सकिने,
- आहल, चारराते, तिनसिमाना, आगेजुङ,जलजले पोखरी, तिनछांगे झरना, मुवा झरना, पानामा झरना जस्ता प्राकृतिक सम्पदाले सम्पन्न रहनु,
- स्थानीय उत्पादनहरु ( मकै, कोदो, जौ, फापर आदिका परिकार, वाँसको तामा, निगालोको टुसा, पर्याङको टुसा, भेडाको घिऊ, राडी पाखि, सिस्नो को परिकार झ्याउ (याङवेन), बुङ्चिपा, लुङधाक्चा, वाचिपा आदिको उत्पादन र प्रयोग बढ्दै जानु,
- शान्ति सुरक्षाको अवस्था सुधार हुंदै गएको,
- स्थानीय तहबाट पर्यटकीय उत्पादनमा जोड दिने सम्भावना रहेको,

- ➢ आम नेपालीमा बढ्दो आन्तरिक पर्यटन प्रबृत्ति रहेको,
- ➢ गैर आवसीय नेपालीको सकृयता बढ्दै गएको,
- ➢ सामाजिक सांस्कृतिक सम्पदाको प्रचुरता रहेको,
- ➢ साहसिक पर्यटनको अत्यधिक सम्भावना रहेको,
- ➢ चौरी र चौरीजन्य उत्पादनलाई ब्राण्डिङ गर्न सकिने,
- ➢ विदेशी पर्यटकहरुले नेपाल प्रति देखाएको माया/सम्मान बढ्दै गएको
- ➢ अन्तराष्ट्रिय संस्थाहरुद्धारा विश्वमा भ्रमण गर्नै पर्ने स्थानहरुको सूचीमा नेपालका पर्यटकीय गन्तव्य समावेश हुंदै जानु,

२.३ पर्यटनको विकासका लागी फालेलुङमा हालसम्म भएका प्रयासहरु:

फालेलुङ गाउँपालिकाको पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन सम्बन्धमा नेपालको संविधान जारी हुनु भन्दा अगाडीदेखि नै थुप्रै प्रयासहरु हुँदै आएका थिए। संविधान जारी भएपश्चात फालेलुङको पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनका लागि निम्न प्रयासहरु भएका छन्।

**२.३.१.सन्दकपुर घोषणापत्र:** फालेलुङ, सदन्कपुर, माइजोगमाई, सिदिङ्वा र याङवरक गाउँपालिकाको उच्च पहाडी तथा  पर्यटकीय सम्भावना भएका क्षेत्रहरुको एकिकृत रुपमा पर्यटन विकास गर्नका लागी अन्तर स्थानीय तह समन्वय समिति गठन गरियो।

**२.३.२. पर्यटकीय क्षेत्रहरुको सुची प्रकाशन:** फालेलुङ गाउँपालिकाद्वारा र निहारिका समज सेवा मञ्च, सूर्योदय नगरपालिका ईलामको सहयोगमा फालेलुङ गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रहरुको ईन्भेन्ट्रि (परिचय सहितको सुचि)  प्रकाशन गरिएको छ।

**२.३.२ तालिम सञ्चालन:** रेड पाण्डा नेटवर्क को सहयोग र फालेलुङ ६ नं. वडा कार्यालयको संयोजनमा होमस्टे व्यवस्थापन तथा कुक तालिम र प्राकृतिक पथ प्रदर्शक तालिम सञ्चालन भएको।

**२.३.३. चौरी महोत्सव सञ्चालन:** फालेलुङ कञ्चनजंघा पर्यापर्यटन संस्थाको अगुवाइमा चौरी महोत्सव प्रत्येक वर्ष वैशाक १ गते सञ्चालन हुने गरेको।

**२.३.४ विभिन्न क्रियाकलाप सञ्चालन:** दिपज्योति युवा क्लबले पर्यटन सम्बन्धि विभिन्न क्रियाकलाप सञ्चालन गर्दै आएको। मुवा झरनाको प्रचार प्रसारमा दिपज्योति युवाक्लवले भुमिका खेलेको। तिनसिमाना पर्यटन समाज पर्यटन सम्बन्धि गतिविधि सञ्चालन गरेको।

## परिच्छेद-३

### ३.१ कार्यदलले स्थलगत अनुगमनका क्रममा प्राप्त समस्या, समाधानका उपाय र सुझावहरु

| क्र.स | संस्थानको नाम | धारणा तथा सुझावहरु | कैफियत |
|---|---|---|---|
| १ | फालेलुङ कञ्चनजंघा पर्या-पर्यटन विकास संस्था | फालेलुङ गाउँपालिकाको मुवा झर्ना-भैँसेपोखरी-सुकेटार-जलजले पोखरी- आहाल-चन्दु-चारराते-पासि भञ्याङ-नेपालटार-सिखरगुम-तिनसिमाना-थाप्लिटार-फालेलुङ-आगेजुङ गुम्बा-चरिभञ्याङ हुँदै गोपेटार-फिदिम रुटमा पर्यटकको आवागमनको प्रश्स्त सम्भावना रहेको साथै उक्त क्षेत्रबाट देखिने भारतको पश्चिम बङ्गाल अन्तर्गतको सिंहलिला नेशनल पार्क भारतकै दार्जिलिङ, मानेभञ्याङ तथा नेपालको कञ्चनजंगा हिमाल, कुम्भकर्ण हिमाल र सगरमाथा हिमालको दृश्यावलोकन तथा चारराते तिनसिमाना क्षेत्रमा पाइने चौरिको विभिन्न पुस्ताका प्रजाती, त्यस क्षेत्रमा पाइने २८ प्रजातीका गुराँस, सुन्दर मनमोहक चौर साथै सुर्यदय र सुर्यास्तको मनोरम दृश्यको अवलोकन गर्न भारतीय पर्यटकहरु आउने गरेको तर ति पर्यटकहरुका लागी उपयुक्त ट्रेकिङ रुट, पथप्रदर्शक तथा उपर्युक्त स्थानमा बासकालागी होमस्टे तथा बसोबासको प्रवन्ध हुन नसक्दा पर्यटकको आवागमन तथा पर्यटन प्रवर्द्धनमा प्रतिकुल असर परेको देखिएको छ । यसका लागी स्थानीय सरकारले भारतीय तथा नेपाली पर्यटकलाई ध्यानमा राखि विराटनगर-काँकरभिट्टा-इलाम-फिदिम-आकाशे-बास्वोटे-मुवाझरना-भैँसेपोखरी - सुकेटार-जलजले पोखरी- आहाल-चन्दु-चारराते-पासिभञ्याङ-नेपालटार-सिखरगुम-तिनसिमाना-थाप्लिटार-फालेलुङ-आगेजुङ गुम्बा-चरिभञ्याङ हुँदै गोपेटार-फिदिम लाई पर्यटकीय रुट कायम गरी सो रुटमा मोटरसाइकल र साइकलमा यात्रा गर्न सकिने मार्ग विस्तार गरी उपयुक्त स्थानमा होमस्टे स्थापना र सञ्चालन गर्ने अनुमति प्रदान गरी पर्यटक आवागमनलाई व्यवस्थित गरी पर्यटन व्यवसाय प्रवर्द्धन साथै गाउँपालिकाको राजश्व संकलनमा विस्तार गर्न सकिने देखिएको छ । | |

| | | | |
|---|---|---|---|
| २ | फालेलुङ सामुदायिक होमस्टे | नेपालको पर्यटनलाई भौगोलिक तथा प्राकृतिक हिसाबले सहज र सफल बनाउन होमस्टे (घरबास) को भविष्य अत्यन्तै उज्ज्वल देखिएको छ । त्यसमा पनि फालेलुङको प्राकृतिक सुन्दरता तथा सीमाक्षेत्र पर्यटन विकासको सम्भावनामा अब्बल रहेकोलेहोमस्टे सञ्चालनमा जोड दिइएको राम्रो देखिन्छ । सीमाक्षेत्रका आहाल, चन्दु, चारराते, पासि भञ्याङ, नेपालटार, सिखरगुम, तिनसिमाना, थाप्लिटार ठाउँबाहेक फालेलुङ-८ को आकाशे भञ्ज्याङ, मुवा झरना क्षेत्र, प्राङबुङ, भैंसे, थकेपुङ, पानावा झरना र खेउथाम झरना आसपास साथै आगेजुङ गुम्बा र चरिभञ्याङ क्षेत्र पनि होमस्टेको लागि उपयुक्त ठाउँ रहेका छन् । | |

परिच्छेद-४

## पर्यटनको सम्भावना र चाल्नुपर्ने कदमहरु

फालेलुङ गाउँपालिकामा प्रचुर पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरु प्रशस्त रहेका छन् । प्रबल सम्भावना रहँदा रहँदै पनि पर्यटकीय क्षेत्रको व्यवस्थापन तथा उचित प्रचार प्रसारको अभावले पर्यटन व्यवसायवाट उचित लाभ लिन सकिरहेको छैन । बिभिन्न पर्यटन सम्बद्ध संघ, संस्था, पर्यटन व्यवसायी, सरोकारवालाहरुको सुझाव तथा कार्यदलको स्थलगत अनुगमनको क्रममा देखिएको सुझाव सहितको फालेलुङ गाउँपालिकाको पर्यटकीय सम्भावना र पर्यटन क्षेत्रको आगामी दिनहरुमा हुन सक्ने कदम सहित देहायमा प्रस्तुत गरिएको छ ।

### ४.१ फालेलुङमा पर्यटनको सम्भानवाहरु:

पर्यटकीय विकासको सम्भाव्यता र पर्यटन विकासको माध्यमबाट हुनसक्ने आर्थिक विकास: नेपालको आर्थिक विकासको एक महत्वपुर्ण क्षेत्रको रुपमा पर्यटन क्षेत्र यस फालेलुङ गाउपालिकाको पनि प्रमुख क्षेत्रको रुपमा रहेको छ। यस गाउँपालिकामा रहेको पर्यटकिय स्थलहरु, झरनाहरु, धार्मिक स्थलहरू, साहसिक पर्यटन र पदमार्ग पर्यटन बिकासको लागि प्रचुर सम्भावना बोकेका क्षेत्रहरू यहाका पर्यटकिय सम्भावनाहरु हुन । आन्तरीक र बाह्य पर्यटनको प्रचुर सम्भावना रहेको यस गाउँपालिकामा प्रचार प्रसारको कमि र पर्यटन प्रवर्द्धनको कमिको कारण अझै पर्यटन बिकास सम्भावनाको सदुपयोग गर्दै पर्यटन बिकास

गरी गाउँपालिकाको आर्थिक विकास गर्नु, पर्यटनको पहिचान, पुर्बाधारको बिकास, प्रचार प्रसार र पर्यटन प्रवर्धन गर्न यस कार्यदलको सम्भाव्यता अध्ययनले पहिचान गरेका सम्भावनाहरु निम्नानुसार छन ।

**क. सिमा पर्यटन (क्रस बोर्डर टुरिज्म) :** नेपाल र भारतको सिमानामा पर्ने इलाम र पांचथरको सिमाना आहालदेखि चन्दु, चारराते, पासि भञ्याङ, नेपालटार, सिखरगुम, फालोट, थाप्लिटार हुँदै आगेजुङसम्मका क्षेत्रमा निम्न सम्भावानाहरु रहेको छन:-

- सुर्योदय र सुर्यस्तको मनोरम दृश्यहरु अवलोकन गर्न दैनिक सयौँको संख्यामा पर्यटकको उपस्थिति रहेको,
- आन्तरिक र बाह्य पर्यटक दुवैको सम्भावना रहेको,
- पदमार्ग, साइक्लिङ्, क्याम्पिङ्, पाराग्लाइडिङ्, साहसिक पर्यटन र धार्मिक पर्यटनको प्रचुर सम्भावना रहेको,
- होमस्टे , पोर्टर, होटल, गोठस्टे र सुबिधायुक्त होटलको प्रचुर सम्भावना,
- विशेष गरेर सिमानाबाट नेपाल र भारतको दृश्यावलोकन गर्न सकिने, भारतको पश्चिम वंगाल,सिक्किम, दार्जिलिङ्, सिलगुडि कलकत्ता, गान्तोकर भारतको हिमालहरूको दृश्यालोकन गर्न सकिने साथै नेपालको  कञ्चनजंघा र महालंगुर हिमशृङ्खला सुर्योदय तथा सुर्यास्तको दृश्यावलोकन गर्न सकिने,
- थ्री स्टार होटलको प्रवल सम्भावना रहेको,
- भारतको विश्व सम्पदा सुचिमा सिफारिसको प्रक्रियामा रहेको सिंहलिला नेशनल पार्कको सिमानामा रहेको , जैविक विबिधता, वन्यजन्तु विबिधता र वनस्पति विबिधता रहेको अवलोकन गर्न सकिने
- नेपाल र भारतमैत्री पर्यटन विकास गरी नेपाल र भारतबिच सुमुधूर सम्बन्ध निर्माण गर्न सकिने
- होटल, होमस्टे, पोर्टर परिचालन र कृषि पर्यटन गरी रोजगारीको सृजना गर्न सकिने,
- स्थानीय संस्कृति प्रवर्द्धन गर्दै स्थानीय प्रविधि परिचालन गरी आर्थिक बृद्धि गर्न सकिने,
- राजश्व संकलनमा बृद्धि गर्न सकिने,
- प्राकृतिक रुपमा पत्र पत्र भएको चट्टानहरु रहेको तिनसिमानामा ROCK GARDEN बनाउन सकिने र प्राकृतिक पार्क निर्माण गरी राजश्व संकलन गर्न सकिने,
- गाउँपालिका भित्रका पोखरी र झरनाहरुको सदुपयोग गरी राजश्व संकलन गर्न सकिने ।

**ख आन्तरीकरुपमा पर्यटन बिकासको संम्भावनाहरू:**

- विविध सँस्कृति, जातजाति र संस्कारहरुको धनि गाउँपालिका रहेको,
- गाउँपालिका भित्रका पोखरी र झरनाहरुको सदुपयोग गरी राजश्व संकलन गर्न सकिने,
- सुकेपोखरी, लामपोखरी, गुन्टेपोखरी, जलजलेपोखरी, भैसेपोखरी, मुवाझरना, खेउथाम झरना र पानावा झरना, आगेजुङ गुम्बा, शिवगंगा मन्दिर, नर्देन छोलिङ्छो गुम्बा, पँगेलुङ, पताले गुफा, किरात फक्ताङलुङ माङ्हिम, मानेडांडा, एक्लेगैरी, एकिकृत नमुना बस्ति, किक्नामधाप, पारामा-माराम फुक्कु, टुनिवोटे चर्च जस्ता पर्यटकिय स्थलहरु रहेको,

४.२ फालेलुङ गाउँपालिकाको पर्यटन क्षेत्रको विकासमा चाल्नुपर्ने कदमहरु:

४.२.१ नीतिगत प्रयास:

फालेलुङ गाउँपालिकाले पर्यटकीय क्षेत्रको व्यवस्थापान र पर्यटन व्यवसायबाट आयआर्जन तथा राजश्व संकलनका लागी चाल्नुपर्ने आवश्यक कदमहरुलाई देहाय अनुसार उल्लेख गरिएको छ।

**क. चौरी गोठ व्यवस्थापन:** उच्च पहाडी क्षेत्रमा अधिक संख्यामा चौरी गोठ तथा चौरीको संख्या रहेकाले त्यस क्षेत्रको वन तथा जैविक विविधतालाई उपयोग गर्न सकिने देखिएको छ। यसलाई प्रभावकारीरुपमा व्यवस्थापन गर्न गाउँपालिकाले हाल सञ्चालनमा रहेका चौरी गोठहरुलाई पशुपन्छी विकास शाखामा अनिवार्य दर्ता गराउने नीतिलिई थप नयाँ चौरी गोठ दर्ता तथा सञ्चालनको अनुमति प्रदान गर्न रोक लगाउने नीति अवलम्वन गर्नुपर्ने देखिएको छ। साथै गाउँपालिकाले प्रति गोठ रहन सक्ने अधिकतम चौरीको संख्या समेत यकिन गर्नुपर्ने नीति लिन आवश्यक देखिएको छ। चौरी गोठहरुलाई क्रमिक रुपमा गोठबासमा रुपान्तरण गर्ने नीतिलिनुपर्न देखिएको छ।

**ख. भेडा गोठ व्यवस्थापन;** उच्च पहाडी क्षेत्रमा रहने एक परम्परागत व्यवसाय भेडा गोठ समेत हो। फालेलुङको माथिल्लो क्षेत्रमा भेडा गोठ सञ्चालनको प्रवल सम्भावना भएतापनि भेडा गोठको संख्या ज्यादै न्युन रहेकाले वातावरण पर्यावरण तथा स्रोत साधनको अवस्थालाई मध्यनजर गरी तोकिएको संख्यामा भेडा गोठ सञ्चालनकालागी भेडा पालक किसान प्रोत्साहन गर्ने नीति लिनुपर्ने देखिएको छ। साथै भेडा गोठहरुलाई क्रमिक रुपमा गोठवासमा रुपान्तरण गर्ने नीतिलिनुपर्ने देखिएको छ।

**ग. जडीबुटी तथा वन पैदावारको संरक्षण:** फालेलुङको माथिल्लो क्षेत्रमा जडिबुटीका लागी अनुकुल वातावरण पाइने भएतापनि विभिन्न जडिवुटी तथा वनपैदावार लोपहुने अवस्थामा पुगेकाले गाउँपालिकाले जडिबुटी तथा वनपैदावार संरक्षणको नीति लिनुपर्ने देखिएको छ।

**घ. याक राईडिङ सञ्चालन:** उच्च पहाडी क्षेत्रमा दुध, घिऊ र छुर्पी प्रयोजनका लागी मात्र चौरी पालन व्यवसाय सञ्चालन भएको देखिएको छ। पर्यटकको रुची चाहाना अनुरुप चारराते तिनसिमाना क्षेत्रमा याक राईडिङलाई अनुमति दिई सञ्चालनको नीति लिनुपर्ने देखिएको छ।

**ङ. घोडा पालन व्यवसाय:** उच्च पहाडी क्षेत्रमा रहेको घोडा पालन व्यवसायलाई व्यवस्थित गर्न गाउँपालिकाले घोडा पालन व्यवसायलाई पशुपन्छि विकास शाखा दर्ता गर्ने व्यवस्था गरी घोडापालन व्यवसायलाई व्यवस्थित गर्ने नीति लिनुपर्ने देखिएको छ।

**च. भोटेकुकुर पालन व्यवसाय:** उच्च पहाडी क्षेत्रमा प्रवल सम्भावना रहेको भोटेकुकुर पालन व्यवसायलाई प्रवर्द्धन गर्न आवश्यक नीति लिनुपर्ने देखिएको छ।

**छ. समन्वय गर्नुपर्ने:** पर्यटन प्रवर्द्धन तथा पर्यटकीय सम्भावनाहरुको उपयोग बहुआयामिक बिषय भएकाले पर्यटन विकासका सन्दर्भमा अन्य स्थानीय तह, जिल्ला समन्वय समिति तथा छिमेकि मुलुकसँग समन्वयको नीति लिनुपर्ने देखिएको छ।

४.२.२ योजनागत प्रयास:

**क. मोटोरेबल पर्यटन रुट कायम गर्ने:** गाउँपालिकाले पर्यटनलाई व्यवस्थित गर्न विराटनगर-काँकरभिट्टा-इलाम-फिदिम-आकाशे-बास्वोटे-मुवाझरना-भैँसेपोखरी - सुकेटार-जलजले पोखरी- आहाल-चन्दु-चारराते-पासि भञ्याङ-नेपालटार-सिखरगुम-तिनसिमाना-थाप्लिटार-आगेजुङ गुम्बा-चरिभञ्याङ हुँदै गोपेटार-फिदिम लाई पर्यटकीय रुट कायम गरी आवश्यक पुर्वाधारको विकास गर्नुपर्ने देखिएको छ।

**ख. पदमार्ग सञ्चालन:** गाउँपालिकाले पर्यटनलाई व्यवस्थित गर्न पौवा भञ्ज्याङ-बतासे-छिन्तापु-गोरुवाले-आहाल-चन्दु-सुर्केथाम-चारराते-नेपालीटार-शिखरगुम-गोर्खेपानी-तिनसिमाना-भिरकुना-लामपोखरि-सुकेपोखरि-थामचुली-चरिभाङ-आगेजुङ-जोरपोखरि-फिदिमलाई पर्यटकीय पदमार्गका रुपमा विकास गर्नुपर्न देखियो।

**ग. साईकल तथा मोटरसइकल मार्ग विस्तार:** फालेलुङको वस्तीक्षेत्रभन्दा माथि पर्यटकालाई लक्षित गरी भैसेपोखरी - सुकेटार- जलजलेपोखरी - आहाल - चन्दु - चारराते - पासिभञ्याङ - नेपालटार - सिखरगुम - तिनसिमाना - थाप्लिटार सम्म मोटरसाइकल मार्ग विस्तार गरी सञ्चालनमा ल्याउनुपर्ने देखिएको छ।

**घ. एकिकृत पर्यटन गुरुयोजना निर्माण:** फालेलुङ गाउँपालिकाको पर्यटकीय क्षेत्रको वैज्ञानिक विकास र विस्तारकालागी एकिकृत पर्यटन गुरुयोजना निर्माण गरी सोही अनुरुप विकासका कार्यक्रम अघि बढाउनुपर्ने देखिन्छ।

**ङ. कञ्चनजंघा साउथ वेश क्यापको ढोका:** लामो पदमार्ग चाहने पर्यटकहरुका लागी फालेलुङ लाई कञ्चनजंघा वेश  क्यामको दक्षिण ढोकाको रुपमा प्रयोग गर्नका लागी आवश्यक पुर्वाधारको विकास गर्नुपर्ने आवश्यकता देखिएको छ।

४.२.३ संस्थागत प्रयास:

**क. पर्यटन व्यवस्थापन उपशाखा**: गाउँपालिकाले पर्यटनकीय क्षेत्रको संरक्षण व्यवस्थापन, नियमन, पर्यटन सँग सम्बन्धित विभीन्न व्यवसायको अनुमति, राजश्व संकलन, प्रतिवेदन लगायतको कार्य व्यवस्थित गर्न गाउँ कार्यपालिका अन्तर्गत पर्यटन व्यवस्थापन उपशाखाको स्थापना गरी जनप्रतिनिधी र कर्मचारी एक एक जनालाई पर्यटन सम्पर्क व्यक्ति तोकि पर्यटन क्षेत्रलाई व्यवस्थित गर्नुपर्ने देखिएको  छ।

**ख. पर्यटन विकास समिति:** गाउँपालिकाको पर्यटनसम्बन्धि सम्भावना, समस्या पहिचान, खोजि र समाधानगरी पर्यटन क्षेत्रलाई सुचारु गर्नकालागी पर्यटन ऐन बमोजिम पर्यटन विकास समिति गठन गरी कार्यजिम्मेवारी तोक्नुपर्ने।

**ग. पर्यटन सुचना केन्द्र:** फालेलुङ गाउँपालिकाको पर्यटकीय क्षेत्रहरुको वारेमा पर्यटकहरुलाई जानकारी गराउन पर्यटन  सुचना केन्द्र फिदिम बजार वा फालेलुङ वडा नं. ८ स्थित आकाशे भञ्ज्याङमा पर्यटन सुचना केन्द्र स्थापन गर्न आवश्यक देखिएको।


४.२.४ कानुनी प्रयास:

**क. पर्यटन ऐन:** गाउँपालिकाले पर्यटन क्षेत्रमा सुधार, व्यवस्थापन तथा पर्यटन क्षेत्रबाट आय आर्जन गर्नकालागी पर्यटन ऐन तर्जुमा गरी लागु गर्नुपर्ने आवश्यकता देखिएको छ।

४.३ पर्यटन आवागमनका लागी कायम गर्नुपर्ने रुट:

नेपाल भारतको सिमावर्ती क्षेत्र चारराते तिनसिमाना क्षेत्रमा भारतको सिंहलिला नेशनल पार्क रहेकाले भारतीय मार्गबाट पर्यटकलाई आवागमनमा रहेको झण्झटिलो अवस्थालाई अवसरका रुपमा सदुपयोग गर्दै फालेलुङ गाउँपालिकाले देहायवमोजिमको पदमार्ग र मोटरेबल पर्यटकीय रुट कायम गरी सञ्चालनमा ल्याउनुपर्ने देखिएको छ।

**THE ULTIMATE DESTINATIONS ARE TINSIMANA (PHALUTE) & CHARRATE ALONG WITH SANDAKPUR**




Source: Gogle Earth, Designed by Niraj Chaudhary & Bharat Rijal

## परिच्छेद-५
## कार्यान्वयन खण्ड

५.१ सुझाव कार्यान्वयनका तरिकाहरु:

यस कार्यदलले उपर्युक्त प्रतिवेदनमा उल्लेख गरेका सुझावहरु कार्यान्वयन गर्ने तरिकाहरु निम्नअनुसार प्रस्तुत गरिएको छ।

- उल्लेखित विषयवस्तुहरुलाई सम्बोधन गर्न सक्ने पर्यटन ऐन तर्जुमा गरी लागु गर्नुपर्ने,
- फालेलुङ गाउँपालिकाको अधिक पर्यटकिय स्थलहरू नेपाल र भारतको सिमाना पर्ने र यस ठाउँमा नै भारतीय , आन्तरीक र बाह्य पर्यटकको बाक्लो उपस्थिती रहेका कारण सिमा पर्यटन पहल र व्यबस्थापन अन्तराष्ट्रिय मामिला भएको कारण संघीय सरकारलाई यसको विकासको लागी जोडदार पहल गरीनुपर्ने,
- संघ, प्रदेश र स्थानिय तहको बिषेश र समपुरक अनुदान,
- प्रत्यक्ष अनुदानबाट योजना माग गरीनुपर्ने,
- गाउँपालिकामा छुट्टै पर्यटन विकास शाखा स्थापना गरी पर्यटन व्यवसाय सञ्चालन नियमन र राजश्व संकलन व्यवस्थित गर्नुपर्ने,
- पर्यटन व्यवसाय सञ्चालन सँगसँगै बढ्न सक्ने अवैध तथा गैर कानुनी गतिविधि नियन्त्रण गर्ने संयन्त्रको विकास गरी लागु गर्नुपर्ने,
- सहासिक पर्यटन, ड्रोन, प्याराग्लाइडिङ, जस्ता विषयहरुको संबोधनका लागी सम्बन्धित निकायका पदाधिकारी समेत संलग्न गरी प्रक्रिया सरलीकरण गर्नुपर्ने,
- अन्तराष्ट्रिय पर्यटकहरुलाई करको दायरा ल्याउनुपर्ने,
- पर्यटन प्रबर्द्धन गर्न, होटल व्यबस्थापन गर्न जग्गा उपलब्ध गराई लिज वा अन्य प्रक्रियबाट जग्गाको समस्यालाई समाधान गर्नुपर्ने,
- पालिकास्तरीय पर्यटन बिकास समिती गठन गरी कार्यसञ्चालन गरिनुपर्ने,
- पर्यटन गुरुयोजना निर्माण गर्नुपर्ने,
- प्राकृतिक सुन्दरता र दिगो विकासलाई असर गर्ने विकास निर्माण कार्यलाई तत्काल रोक्नुपर्ने,
- प्राकृतिक स्रोत साधनलाई संरक्षण र सम्वर्द्वन गर्न तत्काल कदम चालिनुपर्ने,
- जग्गा वर्गिकरण गर्नुपर्ने,

- पर्यटनको सम्भावित क्षेत्रहरुको सम्भाव्यता अध्ययन प्रतिबेदन तयार पारी योजनाबद्ध बिकास गर्नुपर्ने,
- लोपोन्मुख, संरक्षित, दुर्लभ वन्यजन्तु तथा पशुपन्छिहरुको संरक्षणको लागी कदम चालिनुपर्न,
- राज्यलाई रोयल्टि प्राप्त हुने पर्यटकिय स्थलहरुको बिकासमा जोड दिई संघ, प्रदेश र स्थानिय तहबिच समन्वय गरी एकिकृत पर्यटन बिकास गुरुयोजना तयार गर्न जोड दिने,
- पर्यटकिय क्षेत्रमा भैरहेको फोहोरमैला ब्यवस्थापन गर्न डस्टबिन राख्ने, सचेतना बोर्ड राख्ने, चर्पीको निर्माण गर्न ध्यान पुर्याउने र प्लास्टिकजन्य फोहोरमैला ब्यवस्थापन गर्नुपर्ने,
- बनबिनास नियन्त्रण गरी बृक्षारोपण गर्नुपर्ने,
- भ्रमणपुस्तिका तयार पारी आहाल, चारराते र तिनसिमानामा पर्यटकको सुझाव र गुनासो भ्रमणको तथ्याङ्क सङ्कलन तत्काल गरीनुपर्ने,
- भारतले सञ्चालन गर्दै आएको बार्षिक म्याराथन प्रतियोगिता सिमानामा गरीएको हुंदा सो भुभाग नेपालको पनि पर्ने हुदा नेपाल- भारतमैत्री सम्बन्ध स्थापित सँगै सिमा पर्यटनको बिकासमा सबैतहको सरकारलाई ध्यानाकर्षण गराई सिमा पर्यटन बिकासमा जोड दिने,
- चौरी महोत्सबलाई थप ब्यवस्थित गर्दै निरन्तरता दिनुपर्ने,
- फालेलुङ गांउपालिकाको पर्यटनलाई प्रचार प्रसारमा जोड दिने,
- तिनसिमानामा रहेको फाक फाकलुङबाट फालेलुङ नामाकरण भएको कारण ऐतिहासिक पार्क निर्माण गरी राजश्वको स्रोत बढाई पर्यटनको बिकासमा जोड दिने,
- पर्यटन सुचना बोर्ड, टुरिजम साइनबोर्ड, रुटचित्र र संरक्षित जिबजन्तुहरुको जानकारीमुलक सुचना तत्काल व्यवस्थापन गर्नुपर्ने,
- यस गांउपालिकाभित्रका झरनाहरू र पोखरीहरूको दिगो बिकास हुनेगरी संरक्षण, सम्बर्द्धन र उपयोगमा ध्यान दिई राजश्व बृद्धि साथै रोजगारी र आयआर्जन बृद्धि गर्न पहल गर्ने,
- धार्मिक र सास्कृतिक सम्पदाहरुको संरक्षण गरी धार्मिक र सास्कृतिक पर्यटनलाई जोड दिनुपर्ने,
- होमस्टे सञ्चालन कार्यविधि अनुसार होमस्टे व्यवस्थापन र सञ्चालनमा विशेष जोड दिई सञ्चालनमा ल्याउनुपर्ने,
- पदमार्गको सम्भाव्यता पहिचान गरी सोको अध्ययन प्रतिवेदन तयार गरी पदमार्ग निर्माण कार्यलाई तिव्रता दिनुपर्ने,

- भारतीय पर्यटकहरुको सहज आवागमनकालागी निजहरुको सवारी साधन सहित नेपाल प्रवेश स-शुल्क अनुमति दिने व्यवस्था मिलाउनुपर्ने,
- तिन सिमानाको पर्यटन प्रवर्द्धनकालागी आवश्यक कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्नुपर्ने,
- चौरी गोठ र पर्यटन व्यवसायलाई पृथक रुपमा सञ्चालन गर्नुपर्ने,

परिच्छेद-६

६.१ पर्यटकीय स्थलहरुको सामान्य जानकारी:

फालेलुङ गाउँपालिका पर्यटन प्रवर्द्धन सिफारिस कार्यदलको स्थलगत अनुगमनका क्रममा लिइएका तस्विरहरु









चाररातेबाट देखिएको सूर्यास्तका दृष्य



मुवा झरना (समुन्द्र सतहदेखि २०७२ मिटर उचाई)




चारराते तिनसिमाना क्षेत्रबाट देखिएका हिमालका दृष्य




चारराते तिनसिमाना क्षेत्रबाट देखिएका कुम्भकर्ण हिमश्रृंखलाका दृष्य



खेउथाम (तीनछाँगे) झरना (समुन्द्र सतहदेखि १७६० मि. उचाई)




पानावा झरना (समुन्द्र सतहदेखि १९४२ मि. उचाई)



परिच्छेद-७

निष्कर्ष

७.१ निष्कर्ष:

फालेलुङ गाउँपालिकाको आन्तरीक उत्पादनको प्रवर्द्धन, पर्यटनको विकास, पर्यटन प्रवर्द्धन गर्दै रोजगारी सिर्जना, आर्थीक विकास, राजश्व संकलन वृद्धि, सामाजिक विकास, संस्कृतिक संरक्षण गरी आन्तरीक आम्दानीको बृद्धि सहित विश्वमा फालेलुङ गाउँपालिकालाई चिनाउन सकिने फालेलुङ गाउँपालिका पर्यटन प्रवर्द्धन सिफारिस कार्यदलको निष्कर्ष गरेको छ।